हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

मिती २०७७।१०।०४

## कार्यपालिका वैठकको कार्यसुची र छलफलका लागि पेश भएका प्रस्तावहरु

| क्र.सं. | प्रस्तावको संक्षिप्त ब्यहोरा | सान्दर्भीक कुरा | प्रस्तावको कारण सम्वन्धीत शाखाको राय | निर्णय हुने पर्ने ब्यहोरा |
|---|---|---|---|---|
| १ | आर्थिक सहायता सम्वन्धमा | धर्म सांस्कृतिक जोगाउन | | आर्थिक सहायता निर्णय गर्न |
| २ | रकम भुक्तानी गर्ने सम्वन्धमा | धर्म सास्कृतिक जोगाउन र आवत जावतमा सजिलो हुने | | रकम भुक्तानी निर्णय गर्न |
| ३ | उपभोक्ता समिति गठनको संचालन सम्वन्धमा | योजनाहरु संचालन गर्न | | उपभोक्ता समिति गठनको संचालन निर्णय गर्न |
| ४ | ग्याँस वितरण गर्ने सम्वन्धमा | प्रत्येक लाभग्राहीलाई धुलो धुवाँबाट बातावरण र दिर्घ रोगीबाट बच्नको लागि | | ग्याँस वितरण निर्णय गर्न |
| ५ | उपचार खर्च सम्वन्धमा | मानवीय आर्थिक सहयोग | | उपचार खच निर्णय गर्न |
| ६ | सातौ नगरसभामा संशोधन कार्यक्रम लैजाने सम्वन्धमा | | | सातौ नगरसभामा संशोधन कार्यक्रम लैजाने निर्णय गर्न |

प्रस्ताव पेश गर्ने प्रमुखबाट स्वीकृती

मिति : २०७७।१०।०२

दस्तखत :

जमिरुदिन मंसुर
नगर प्रमुख

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

आज मिती २०७७ साल मांघ महिनाको ४ गतेका दिन विहान ७ बजे हरिपुर नगरकार्यपालिकाको वैठक नगर प्रमुख जमिरुदिन मंसुर ज्युको अध्यक्षतामा देहायका पदाधिकारी ज्युहरुको उपस्थितीमा पेश भएका निम्न प्रस्ताव उपर छलफल गरी निर्णय गर्न वैठक वस्यो ।

## उपस्थिती

| क स | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | जमिरुदिन मसुर | |
| २ | नगर उपप्रमुख | रेणुका देवी काफ्ले | |
| ३ | सदस्य(वडा अध्यक्ष वडा नं.१) | कुमार लामा | |
| ४ | सदस्य (वडाअध्यक्ष वडा नं.२) | रिखेश्वर कडरिया | |
| ५ | सदस्य (वडाअध्यक्ष वडा नं.३) | महमद हजरत शेष | |
| ६ | सदस्य (वडा अध्यक्ष वडा नं.४) | गुणेश प्रसाद साह | |
| ७ | सदस्य(वडा अध्यक्ष वडा नं.५) | मंसुर मिया | |
| ८ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | ईदी मंसुर | |
| ९ | सदस्य(.वडा अध्यक्ष वडा नं.७) | हृदय नारायण पजियार | |
| १० | सदस्य (वडाअध्यक्ष वडा नं.८) | हरि बहादुर थापा | |
| ११ | सदस्य (वडाअध्यक्ष वडा नं.९) | हरिनाथ प्रसाद साह | |
| १२ | सदस्य (महिला) | परमशिला देवी कानु | |
| १३ | सदस्य (महिला) | मैमुन खातुन | |
| १४ | सदस्य (महिला) | लक्ष्मी देवी | |
| १५ | सदस्य (महिला) | वेद कुमारी वलम्पाकी | |
| १६ | सदस्य (महिला) | सुनैना देवी चौधरी | |
| १७ | सदस्य ( दलित तथा अल्पसंख्यक) | खहेरु कुमर | |
| १८ | सदस्य ( दलित तथा अल्पसंख्यक) | जनक लाल महरा | |
| १९ | सदस्य | रामेश्वर प्रसाद साह | |
| २० | सचिव (.प्रमुख प्रशासकिय अधिकृत) | उदय प्रसाद देवकोटा | |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

मिती २०७७।१०।०४

**छलफलका लागी पेश भएका प्रस्तावहरु**

१. आर्थिक सहायता सम्वन्धमा ।

२. रकम भुक्तानी गर्ने सम्वन्धमा ।

३. उपभोक्ता समिति गठनको संचालन सम्वन्धमा ।

४. ग्यास वितरण गर्ने सम्वन्धमा ।

५. उपचार खर्च सम्वन्धमा ।

६. सातौ नगरसभामा संशोधन कार्यक्रम लैजाने सम्वन्धमा

**निर्णय नं. १**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको आर्थिक सहायता सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको देहायका संघ संस्थाहरु र समुहहरुलाई देहाय अनुसारको रकम छैठौ नगरसभाको पेज नं. ९ सि.नं. ४२ मा विविध कार्यक्रम (सांस्कृतिक पुजा पाठ सामुदायिक तथा न्यायिक समितिको मेलमिलाप कार्यक्रम आदि) खर्च शिर्षक नं. २२५२९ मा रकम रु. ८,००,०००।०० विनियोजित रकम मध्येबाट देहाय अनुसारको रकम आर्थिक सहायता दिने निर्णय गरियो ।

| क.सं. | कार्यक्रमको नाम | ठेगाना | रकम रु. | भुक्तानी लिनेको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | नवाहा | हरिपुर ९ पिडारी ब्रहमस्थान | ४०,०००।०० | नवाह समिति | |
| २ | थारु कला सांस्कृतिक माघी | हरिपुर ७ | ३०,०००।०० | थारु कला सांस्कृतिक | |
| ३ | माघी महोत्सव | हरिपुर ९ पिडारी | ४०,०००।०० | थारु कल्याणकारी इकाई समिति पिडारी | |
| ४ | गढीमाई स्थानमा सप्ताह | हरिपुर २ | २५,०००।०० | गढीमाई समिति | |
| ५ | राम जानकी मठ सत्संग सम्मेलन | हरिपुर ३ | २५,०००।०० | राम जानकी मठ समिति | |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

मिती २०७७।१०।०४

**निर्णय नं. २**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको रकम भुक्तानी गर्ने सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको वडा नं. ७ मा हिन्दुहरुको महान चाड छठ पर्वमा छठी घाट निर्माण गर्न तथा सडक मर्मत सम्भार लागत अनुमान र नापी, मुल्यांकन तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा रकम रु. ५२,२९२।०० छैठौ नगरसभाको सार्वजनि निर्मित सम्पती सम्भारबाट वडा नं. ७ का वडाध्यक्ष हृदय नारायण पजियारलाई रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको उपभोक्ता समिति गठनको संचालन सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको आ.व. २०७७।०७८ को योजनाहरु उपभोक्ता समिति गठन गर्न प्रत्येक वडाको टोल वस्तीमा उपभोक्ता समिति गठन गर्नु पर्ने भएको र उक्त समिति गठन गर्न लाग्ने खर्च रकम रु. १०,०००।०० दरले प्रत्येक वडा कार्यालयको वडा सचिव मार्फत छैठौं नगरसभाको पेज नं. ९ सि.नं. ५१ को विविध खर्च शिर्षक खर्च २२७११ मा रु. ५०००००।०० रकम मध्येबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको ग्याँस वितरण सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको छैठौ नगरसभाबाट चालु आ.व. २०७७।०७८ मा वडा नं. ६ का लागी ग्यास चुल्हो वितरण कार्यक्रम योजना स्वीकृत भएको र उक्त योजना संचालनका लागि ६ नं. वडा समितिले निर्णय गरेका लाभग्राहीहरुलाई ५० प्रतिशत लागत सहभागितामा वडा समिति र उपभोक्ता समितिले छनौट गरी पठाइएको नाम नामेसीलाई नै स्वीकृत गरी उपभोक्ता समिति मार्फत ग्यास चुल्हो वितरण कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको उपचार खर्च सम्वन्धी प्रस्तावमा छलफल गर्दा मिति २०७५ चैत्र १८ गते विहान करिव ८:४५ बजेको समयमा यस नगरपालिका वडा नं. ९ को पिडारी बजारमा आगलागी भई आगो निभाएने क्रममा ग्याँस सिलिण्डर पडकिदा कविलासी नगरपालिका वडा नं. १ मिठु पंडित कुम्हारको छोरा भरत पंडित कुम्हार आगलागीमा प्रेशर कुकर पडकिएर खुट्ट काटिएकोले उपचार खर्च वापतको रकम छैठौ नगरसभाको पेज नं. १० मा सि.नं. ५९ मा आर्थिक सहायता खर्च शिर्षक नं. २५३१५ मा रकम रु. ७,००,०००।०० विनियोजन भएको रकम मध्येबाट रु. १०,०००।०० विमारीको बुवा श्री मिठु पंडित कुम्हारलाई उपचार खर्च भुक्तानी गर्ने निर्णय गरियो ।

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

मिती २०७७।१०।०४

**निर्णय नं. ६**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको सातौ नगरसभामा संशोधन कार्यक्रम लैजान सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको चालु आ.व. २०७७।०७८ मा छैठौं नगरसभाबाट स्वीकृत भएका तर विभिन्न कारणले संचालन हुन नसकेका कार्यक्रम,नीति तथा योजनाहरु मिति २०७७।१०।०७ गते बस्ने सातौं नगरसभामा संशोधन गरी स्वीकृतीको लागि पेश गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकिय अधिकृत